परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

•वर्ष २ •अंक ११२ •२०८० असोज ५ गते शुक्रबार • (22-Sept-2023) •पृष्ठ ४ •मुल्य रु ५।- www.talknepaltv.com



आर्थिक समृद्धिका लागि
सुशासन पूर्व शर्त : गृहमन्त्री श्रेष्ठ

## शिक्षक आन्दोलनको दोस्रो दिन : सर्वसाधरणदेखि विद्यार्थिसम्मलाई सास्ती



■ टक नेपाल

काठमाडौं । प्रस्तावित शिक्षा ऐनको विरोधमा शिक्षक-शिक्षिकाहरूले थालेको आन्दोलनको दोस्रो दिन आज पनि केन्द्रीय राजधानी काठमाडौंको ट्राफिक व्यवस्थापन अस्त व्यस्त बनेको छ । माइतीघरदेखि बानेश्वर सम्म सडक ढाकेर बसेका शिक्षक शिक्षिकाकाले आफ्ना माग सम्बोधन नभएसम्म आन्दोलन जारी रहने बताएका छन् । आज बिहान उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठको पहलमा शिक्षक नेतृत्वसँगको वार्ता निष्कर्षविहीन टुंगियो । आन्दोलनलाई मर्यादित र संयमित बनाउन श्रेष्ठले आग्रह गरेका थिए ।

## हतियारधारी समूहद्वारा लुटपाट, गोली लागेर लुटेरा आफैं घाइते !

■ टक नेपाल

सर्लाही । सर्लाहीको लालबन्दीमा बिहीबार बिहान एक घरमा हतियारधारी समूहले लुटपाट गरेको छ । लुटपाट भएको स्थानबाट पड्किसकेको अवस्थामा एक थान कटुवा पेस्तोल समेत बरामद भएको छ । लालबन्दी नगरपालिका-५ शान्तिटोलस्थित रामचन्द्र ठाकुर को घरमा हतियारधारी समूहले बिहीबार बिहान २ बजे लुटपाट गरेको हो । मुखमा रुमाल



बाँधेर आएका ५/६ जनाको समूहले ठाकुरको घरबाट नगद र केही सरसामग्री लुटेर लगेको प्रहरीले जनाएको छ । लुटेरा समूहलाई प्रतिकार गर्दा घरधनी ४५ वर्षीय ठाकुर घाइते भएका छन् ।

-बाँकी पृष्ठ २ मा

## थप दाइजो नल्याएको निहुँमा श्रीमतीको हत्या गरेको आरोप

■ टक नेपाल

सुनसरी। सुनसरीको इनरूवा नगर पालिका-३ का ३२ वर्षीय नगेन्द्र भगतलाई दाइजो नल्याएको निहुँमा श्रीमतीको हत्या गरेको आरोपमा प्रहरीले पक्राउ गरेको छ। श्रीमती निकिता चौधरीको शनिबार राति हत्या गरेको भन्दै माइती पक्षले उजुरी दिएका आधारमा भगतलाई नियन्त्रणमा लिइएको सुनसरीका प्रहरी उपरीक्षक विपिन रेग्मीले जानकारी दिए । विराटनगर महानगरपालिका-१७ मटेरूवाकी २३ वर्षीया चौधरीको हत्या गरेको आरोप भगत माथि छ । उनले २१ महिना अगाडि विवाहका बेला चौधरीसँग रु ३२ लाख नगद, आठ तोला सुन, ९० तोला चाँदी र एक




मोटरसाइकल दाइजोमा ल्याएका थिए । थप दाइजो नल्याएको भन्दै चौधरीको हत्या गरेको माइती पक्षको आरोप छ । हत्या भएपछि भगतलाई जिल्ला प्रहरी कार्यालयले नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान तथा कारबाहीको प्रक्रिया अगाडि बढाएको छ । थप दाइजो माग्दै दिदीको हत्या गरेको भन्दै मृतकका भाइ राकेशले कारवाही गर्न माग गरेको प्रहरीले जनाएको छ । उनीहरूको ११ महिनाको छोरासमेत रहेको जनाइएको छ । माइती पक्षले नाबालक छोराको समेत जिउज्यानको सुरक्षा गरिदिन प्रहरी समक्ष आग्रह गरेको छ ।

## स्थानीय तहका कर्मचारी पनि आन्दोलनको तयारीमा

■ टक नेपाल

काठमाडौं । आफूहरुको माग सम्बोधन हुने गरी संघीय निजामती विधेयध ल्याउन दबाब दिँदै स्थानीय तहका कर्मचारीले पनि आन्दोलनको तयारी थालेका छन् । आन्दोलनका संयोजक दीपक गौतमका अनुसार प्रमुख प्रशासकीय अधिकृत स्थानीय सेवाबाटै नै हुने व्यवस्था लागु गर्नुपर्ने, स्थानीय सेवाबाट प्रदेश र संघीय निजामती सेवामा प्रवेश गर्न उमेरहद लागु हुन नहुने, समायोजन भएकाहरुको भविष्यलाई उचित सम्बोधन गर्नुपर्ने माग राखेर काठमाडौं केन्द्रित आन्दोलन गर्न लागिएको हो । त्यस्तै सेवाअवधि गणनालाई न्यायपूर्ण बनाउनुपर्ने, कर्मचारी र जनप्रतिनिधिबीच दूरी बढाउने गरी सरुवाको प्रणाली राख्न नहुने लगायतका माग पनि उनीहरुको छ । 'स्थानीय तह कर्मचारी सरोकार फोरम'को संयोजनमा विभिन्न माग राख्दै आन्दोलनको तयारी भएको हो । प्रस्तावित आन्दोलनका कार्यक्रम अनुसार ७ असोजमा जिल्ला स्तरीय संघर्ष समितिको संयोजनमा प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयमा मागपत्र बुझाउने तयारी छ ।




त्यसपछिका माग सम्बोधन नहुँदाका दिनसम्म हातमा कालोपट्टी बाँधेर काम गर्ने र कार्यालयमा ठूलो ब्यानर टाँसेर आधा दिन 'पेन डाउन' गर्ने कार्यक्रम प्रस्ताव गरिएको छ । यसबीचमा राष्ट्रिय मान्यता प्राप्त दलका नेता र प्रमुख सचेतक समक्ष मागपत्र बुझाएर ध्यानाकर्षण गराउने र राष्ट्रिय स्तरका ट्रेड युनियनसँगको समन्वयमा सशक्त आन्दोलनको तयारी गर्ने योजना छ । १२ असोजदेखि काठमाडौं केन्द्रित भएर सशक्त आन्दोलन सुरु गर्ने र प्रत्येक पालिका, वडा कार्यालयमा 'पेन डाउन' गर्दै सिंहदरबार अगाडि विरोध प्रदर्शन गर्ने कार्यक्रम अघि सारिएको छ। संयोजक गौतम प्रस्तावित कार्यक्रमअनुसार नै निर्णय हुने र आन्दोलन अघि बढ्ने बताउँछन्।



Bardibas, Mahottari Mob. 9801131433



## ....सम्पादकीय

# परिवार योजना सेवा

नेपालको संविधान, सुरक्षित तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ र जनस्वास्थ्य सेवा ऐन २०७५ बाट प्रदत्त व्यक्तिको परिवार योजना सेवासम्बन्धी शिक्षा, सूचना, परामर्श तथा सेवा प्राप्त गर्ने अधिकार सुनिश्चितताका लागि सहज, सर्वसुलभ हुनुपर्ने उल्लेख गरिएको छ। साथै मातृ तथा नवजात शिशु मृत्यु दर, किशोरी प्रजनन दर कम गर्न र गर्भनिरोधक साधन प्रयोग दर बढाउने, दिगो विकास लक्ष्य प्राप्तिका लागि तीनै तहका सरकार, नीजि क्षेत्र, सहयोगी संस्था जिम्मेवार हुन आवश्यक रहेको प्रस्टै छ। अझै पनि परिवार योजना सेवालाई जनसंख्या नियन्त्रणको रुपमा बुझाइ, तालिमप्राप्त जनशक्ति परिचालन, गर्भनिरोधक साधनको आपूर्ति व्यवस्थापनममा घट्दो लगानी रहेको छ। त्यस्तै दम्पती साथमा नहुँदा साधनको निरन्तरता, पहुँचबाहिर रहेका समूहजस्ता चुनौतीहरु रहेका छन् । परिवार योजना सेवाको उपयोग नगरिरहेका र पहुँचबाहिर रहेका समूहहरुको पहिचान गरी स्थानीय परिवेशको आधारमा कार्यक्रम सञ्चालन गरेर आमा र बच्चाको स्वास्थ्य सेवामा टेवा पुऱ्याउन अपरिहार्य छ। आमा र बच्चाको स्वास्थ्य सुधारका लागि परिवार योजना सेवामा लगानी वृद्धि र पहुँच सुनिश्चित गर्ने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मी, स्वास्थ्य संस्था, निजी क्षेत्र, सरोकार वाला, तीनै तहका सरकारले प्राथमिकतामा राख्नु जरुरी छ। संविधान प्रदत्त हक प्राप्तिका लागि सबै पक्षको सहयोगको आवश्यकता छ। विगत १० वर्षदेखि सेप्टेम्बर १८ का दिन राष्ट्रिय परिवार योजना दिवस विभिन्न कार्यक्रमका साथ देशभर मनाइन्छ। यस वर्ष पनि 'परिवार योजना सेवाको लक्ष्य : आमा र बच्चाको स्वास्थ्य सुधार्न जुटौं सबै पक्ष' भन्ने मूल नाराका साथ सप्ताहव्यापीरुपमा दशौं राष्ट्रिय परिवार योजना दिवस देशभरि मनाइयो। परिवार योजना सेवाले आमा तथा बच्चाको स्वास्थ्य सुधारमा उल्लेखनीय योगदान पुऱ्याउने भएकोले यस सेवाको पहुँचको सुनिश्चितताका लागि लगानी वृद्धि गर्न सबै पक्षको प्रतिबद्धताका लागि यो नारा छनौट गरिएको छ। तर राज्यले तय गरेका नारा सार्थक बनाउन सबै पक्षको एकताको खाँचो छ। राष्ट्रिय जनगणना २०७९ मा आधारित मातृ मृत्युसम्बन्धी अध्ययन अनुसार अझै पनि प्रतिलाख जीवित जन्ममा मातृ मृत्य १ सय ५१ रहेको छ। त्यसै गरी मातृ मृत्यु भएका महिलाहरुमध्ये १० प्रतिशत किशोरी रहेका छन् र ५ प्रतिशत मृत्यु गर्भपतनका कारणले भएको पाइएको छ। नेपाल जनसांख्यिक सर्वेक्षण २०२२ अनुसार नवजात शिशु मृत्युदर प्रति १ हजारमा जीवित जन्म २१ रहेको छ। गुणस्तरीय परिवार योजनाको सर्वव्यापी पहुँच मातृ मृत्युलाई घटाउने एक महत्वपूर्ण आधार हो। विश्व स्वास्थ्य संगठन अनुसार दम्पतीले दुई गर्भबीच कम्तीमा २ वर्षको अन्तर कायम गरेमा परिवार योजना सेवाले ३० प्रतिशत मातृ मृत्यु र १० प्रतिशत बाल मृत्यु घटाउने उल्लेख गरिएको छ। नेपालको हकमा भने करिब ५३ प्रतिशत मातृ मृत्युलाई कमी ल्याउन परिवार योजना सेवाको योगदान रहेको एक अध्ययनमा उल्लेख छ। २० वर्ष उमेर नपुगी गर्भवती हुनबाट रोक्न, उपयुक्त जन्मान्तर कायम गर्न, अनिच्छित गर्भ रोकी महिलाको स्वास्थ्य र सशक्तीकरण गर्नुका साथै जलवायुमा पर्ने नकारात्मक प्रभावलाई कम गर्न सहयोग पुऱ्याउने भएकाले परिवार योजना सेवाको पहुँचको सुनिश्चितता गर्नुपर्ने देखिएको छ। परिवार योजना सेवालाई सरकारको प्राथमिकतामा राख्नका लागि बजेट तय गर्दा नेपाल सरकारले ध्यान दिनुपर्नेमा पछिल्लो समय परिवार योजनाको क्षेत्रमा बजेट कम गर्दै लगेको विषयमा सरकारको ध्यान पुगोस् ।

# नेप्से परिसूचकमा उत्साहजनक वृद्धि



■ टक नेपाल

काठमाडौं । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उत्साहजनक वृद्धि देखिएको छ । आजको कारोबारमा नेप्से परिसूचक ४४ दशमलव ३४ अङ्कले बढेर दुई हजार २९ दशमलव ७८ अङ्कमा कायम भएको छ। आज विभिन्न दुई सय ७८ कम्पनीका एक करोड १२ लाख ६४ हजार तीन सय नौ कित्ता शेयर एक लाख १९ हजार तीन सय ५९ पटक खरिदबिक्री हुँदा रु तीन अर्ब २९ करोड ३९ लाख २१ हजार तीन सय ६८ बराबरको कारोबार भएको छ। आजको कारोबारमा जलविद्युत् र वित्त कम्पनीमा लगानीकर्ताको आकर्षण देखिएको छ। जलविद्युत् समूहको उपसूचक पाँच दशमलव ३१ प्रतिशतले बढेको छ भने वित्त समूहको उपसूचक चार दशमलव ३८ प्रतिशतले बढेको छ। आजको कारोबारमा सबै समूहका उपसूचकमा हरियाली देखिएको छ । आज चार वटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। जसमा नेशनल हाइड्रोपावर कम्पनी लिमिटेड, दिव्यश्वरी हाइड्रो पावर, स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड र हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको हो। साथै सबैभन्दा धेरै गुमाउने कम्पनीमा एनआईबीएल ग्रोड फन्डको शेयर मूल्य चार दशमलव ०७ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सन नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडको सबैभन्दा धेरै रु २० करोड १८ लाख ३६ हजार चार सय ८३ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेडको सात लाख २९ हजार २३२ कित्ता शेयर किनबेच भएको छ ।

# घट्यो सुनको भाउ




■ टक नेपाल

काठमाडौं । सुनको भाउ तीन सय रुपैयाँले घटेको छ । चाँदीको भाउ भने तोलामा ५ रुपैयाँले बढेको छ। नेपाल सुन चाँदी व्यवसायी महासङ्घका अनुसार आज सुनको भाउ तोलामा एक लाख १२ हजार ५ सय रुपैयाँ छ। हिजो तोलाको एक लाख १२ हजार ८ सय रुपैयाँ थियो। यस्तै, आज चाँदी तोलामा ५ रुपैयाँले बढेर एक हजार चार सय १० रुपैयाँमा कारोबार भइरहेको छ।

# हतियारधारी समूहद्वारा लुटपाट...

लुटेरा समूहको चक्कु प्रहार बाट घाइते भएका उनको लालबन्दीस्थित मोडेल अस्पतालमा उपचार भइरहेको छ । अहिले उनको अवस्था सामान्य रहेको जनाइएको छ। घरको कम्पाउन्ड वालमा लगाइएको ग्रिल नाघेर घरमा प्रवेश गरेका हतियारधारी समूहले प्रतिकारको क्रममा बोकेर आएको कटुवा पेस्तोल समेत प्रहार भएको देखिएको घटनास्थलमा खटिएका प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिए । उनका अनुसार कटुवाको गोली लुटेरा समूहलाई नै लागेको छ। उनीहरु धान खेतबाट भाग्दा र गतै रगतको टाटा देखिएको छ। लुटेरा समूहको खोजी तीव्र पारिएको जनाउँदै प्रहरी उपरीक्षक सुवेदीले गोली लुटेरा समूह मध्येका एकलाइ लागेको हुनाले चाँडै पक्राउ पर्ने दाबी गरे । प्रहरीका अनुसार लुटेरा समूह भन्दा पनि चोरी गर्न आएका जस्तो देखिन्छ ।

# साउन र भदौमा पाँच अर्ब ४३ करोडको विद्युत् निर्यात




■ टक नेपाल

काठमाडौं । नेपाल विद्युत् प्राधिकरणले चालु आर्थिक वर्षको दुई महिनामा रु पाँच अर्ब ४३ करोड ३१ लाख बराबरको बिजुली भारत निर्यात गरेको छ। प्राधिकरणले गत साउनमा रु एक अर्ब ९४ करोड ८४ लाख र भदौमा रु तीन अर्ब ४८ करोड ४८ लाख बराबरको विद्युत् भारतीय बजारमा निर्यात गरेको हो । दुई महिनामा तीन अर्ब ३९ करोड ५७ लाख भारतीय रुपैयाँ बराबर (रु पाँच अर्ब ४३ करोड ३१ लाख) विद्युत् निर्यात भएको हो। साउन र भदौमा भारततर्फ निर्यात गरिएको विद्युत्को प्रतियुनिट औसत बिक्रीदर क्रमशः आठ रुपैयाँ १३ पैसा र १२ रुपैयाँ २७ पैसा छ । दुई महिनाको समग्र औसत विद्युत् बिक्रीदर प्रतियुनिट १० रुपैयाँ ३७ पैसा छ । प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् भारततर्फ निर्यात गर्दै आएको छ। प्रााधिकरणले इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स) को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत र केही अघिबाट मध्यकालीन विद्युत् सम्झौता बमोजिम करिब एक सय १० मेगावाट विद्युत् भारतीय कम्पनी एनटिपिसी विद्युत् व्यापार निगम लिमिटेडलाई बिक्री गरिरहेको छ। भारतको विद्युत् मन्त्रालयअन्तर्गतको केन्द्रीय विद्युत् प्राधिकरणले प्रतिस्पर्धी बजारमा पाँच सय २२ मेगावाट र एनभिभीएनलाई एक सय १० मेगावाट गरी कुल छ सय ३२ मेगावाट विद्युत् निर्यातका लागि नेपाल विद्युत् प्राधिकरणलाई स्वीकृति दिएको छ। यसमध्ये पाँच सय ६२ मेगावाट विद्युत् ढल्केबर-मुजफ्फपुर चार सय केभी अन्तरदेशीय प्रसारण लाइनबाट र ७० मेगावाट महेन्द्रनगर-टनकपुर एक सय ३२ केभी प्रसारण लाइनबाट निर्यात भइरहेको छ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युत् निर्यातबाट नेपालको विदेशी मुद्रा सञ्चिति र दुई मुलुकबीचको व्यापार घाटालाई कम गर्न योगदान पुगिरहेको बताउनुभयो । "देशभित्र उत्पादित विद्युत् यहीं खपत गर्न पूर्वाधार संरचनाको सुधार तथा सुदृढीकरण गरिरहेका छौं, विद्युत् नपुगेका ठाउँमा विद्युत् पुर्याउनका लागि विद्युतीकरणको कार्य पनि चलिरहेको छ", कार्यकारी निर्देशक घिसिङले भन्नुभयो, "खपत गरी बचत भएको विद्युत् निर्यात गर्न दुई देशबीचका अन्तरदेशीय प्रसारण सञ्जाललाई थप विस्तार तथा पूर्णरूपमा प्रयोगमा ल्याउन पहल गरिरहेका छौं ।"

विज्ञापनको लागि सम्पर्क गर्नुहोस्

सम्पर्क नम्बरहरु

९८०७८२१०१४, ९८६३२१०१४

९८०४८०४७००

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | चुनौतीपूर्ण जिम्मेवारी वहन गर्नुपरे पनि बुद्धि-विवेकले काम गर्न सकिनेछ। | तुला | मेहनतले सम्मानित स्थान समेत दिलाउनेछ। |
| बृष | परिवारजनको साथले नयाँ आशा जगाउनेछ। | वृश्चिक | सुन्दर पहिरनमा मन रमाउनेछ। आगन्तुकहरूको उपहारले प्रसन्नता मिल्नेछ। |
| मिथुन | हिम्मत गर्दा जटिल काम समेत सम्पादन हुनेछ। | धनु | आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ। व्यवसायमा लगानी बढाउनुपर्ने परिस्थिति आउनेछ। |
| कर्कट | सुखद समाचार प्राप्त हुनुका साथै दिन उत्साहपूर्ण रहनेछ। | मकर | नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन्। श्रमको उचित मूल्यांकन हुनेछ । |
| सिंह | परिस्थितिअनुसार चल्न नसक्ता दुःख पाइनेछ। | कुम्भ | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउँदै दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। |
| कन्या | चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ। | मीन | मेहनत गर्दा राम्रै फाइदा हुनेछ। भाग्यले विभिन्न अवसर जुराउनेछ। |

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

## भारत क्यानाडा तनावः
# कुटनीतिज्ञ 'कटौती' गर्न नयाँदिल्लीको माग

■ एजेन्सी

एक सिख पृथकतावादीको हत्याको विषयलाई लिएर उत्पन्न विवाद चर्किंदै गएपछि नयाँ दिल्लीले भारतमा रहेका क्यानाडेली कुटटनीतिक कर्मचारी कटौतीको माग गरिरहेको र भिसा सेवा बन्द गरेको जनाएको छ । क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले गत जुनमा भ्यानकुभर नजिकै हरदीप सिंह निज्जरको हत्यामा भारतीय एजेन्टको भूमिका रहेको भन्ने आरोपलाई गम्भीरताका साथ लिन भारतसँग माग गर्नुभएको छ । यस परिणामले निज्जरको हत्यामा भूमिका खेलेको कुनै पनि भनाइलाई 'बेतुकको हल्ला' भन्दै भारतले आरोपको खण्डन गरेको र कुटनीतिक अधिकारीको निष्कासनको मार्गलाई अँगालेको थियो । यो आरोपले विश्वको सबैभन्दा बढी जनसङ्ख्या भएको देश भारत र जी-७ सदस्य क्यानडाबीचको तनावपूर्ण सम्बन्धलाई नयाँ उचाइमा पुर्‍याएको छ । भारतीय विदेश मन्त्रालयका प्रवक्ता अरिन्दम बागचीले भन्नुभयो, "हामीले क्यानाडा सरकारलाई कूटनीतिक उपस्थितिमा समानता हुनुपर्छ भनेर सूचित गरेका छौं ।" उहाँले भन्नुभयो, "यहाँ उनीहरूको सङ्ख्या क्यानाडामा हाम्रो भन्दा धेरै छ । त्यसमा कमी हुनुपर्छ भन्ने मलाई लाग्छ ।" नयाँदिल्लीले पनि क्यानडामा भिसा आवेदनहरू ह्यान्डल गर्न बन्द गरेको बताएको छ, 'सुरक्षा खतराहरू' कारक देखाउँदै उनीहरूले यसले आफ्ना अधिकारीहरूको काममा 'बाधा' पुर्‍याइरहेको बताएका छन् । "हालका लागि क्यानडाको सुरक्षा अवस्था र क्यानडा सरकारको अकर्मण्यताका कारण हामीले अस्थायी रूपमा भिसा सेवा बन्द गरेका छौं," बागचीले भन्नुभयो।

केही घण्टाअघि क्यानडाको उच्चायोगले आफ्ना कर्मचारीलाई 'विभिन्न सामाजिक सञ्जालमा धम्की' दिएपछि भारतमा रहेका कूटनीतिज्ञको सङ्ख्या 'समायोजन' गर्ने बताएको थियो । क्यानडाको नियोगले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "तनाव बढेको वर्तमान वातावरणलाई मध्यनजर गर्दै हामी हाम्रा कूटनीतिज्ञहरूको सुरक्षा सुनिश्चित गर्न कदम चालिरहेका छौं ।" विज्ञप्तिमा भनिएको छ, "परिणामस्वरूप, र सावधानीको प्रचुरताको कारण, हामीले अस्थायी रूपमा भारतमा कर्मचारीहरूको उपस्थिति समायोजन गर्ने निर्णय गरेका छौं ।" क्यानाडेली नियोगले त्यहाँबाट बाहिरिने व्यक्तिको सङ्ख्याबारे विस्तृत विवरण नदिए पनि आफ्ना कार्यालयहरू 'खुला र सञ्चालन' भएको बताउँदै आफ्ना कर्मचारीको सुरक्षा सुनिश्चित गर्न आह्वान गरेको छ। "भारतले त्यहाँ हाम्रा मान्यता प्राप्त कूटनीतिज्ञहरू र कन्सुलर अधिकारीहरूको सुरक्षाप्रदान गर्नेछ भन्ने आशा गर्दछौं, जसरी हामी उनीहरूका लागि गरिरहेका छौं," विज्ञप्तिमा भनिएको छ । सोमबार ओटावाले क्यानडामा भारतीय विदेश गुप्तचर सेवाका प्रमुख भनिएका एक कूटनीतिज्ञलाई देश निकाला गरेपछि नयाँ दिल्लीले क्यानडाका एक कूटनीतिज्ञलाई देश छोड्न आदेश दिएको थियो । भारतको विदेश मन्त्रालयले क्यानडामा रहेका आफ्ना नागरिकको सुरक्षाका लागि चिन्ता व्यक्त गरेको एक दिनपछि भिसा स्थगन गरिएको हो । "धम्कीले विशेषगरी भारतीय कूटनीतिज्ञ र भारतविरोधी एजेन्डाको विरोध गर्ने भारतीय समुदायका एक वर्गलाई लक्षित गरेको छ," मन्त्रालयले बुधवार जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

टक नेपाल
राष्ट्रिय दैनिक
"परिवर्तनको एक नयाँ आवाज"

# आर्थिक समृद्धिका लागि सुशासन पूर्व शर्त : गृहमन्त्री श्रेष्ठ

■ टक नेपाल

काठमाडौँ । उपप्रधानमन्त्री एवं गृहमन्त्री गृहमन्त्री नारायणकाजी श्रेष्ठले सरकार मुलुकमा सुशासन, समृद्धि र सामाजिक न्यायको मूल मन्त्रलाई कार्यान्वयन गर्नका निम्ति अगाडि बढिरहेको बताउनुभएको छ । प्रतिनिधिसभा, राज्यव्यवस्था तथा सुशासन समितिको आजको बैठकमा उहाँले राजनीतिक परिवर्तनको औचित्य पुष्टि गर्नका लागि पनि समृद्धि अपरिहार्य भएको उल्लेख गर्नुभयो । "समृद्धिका लागि सुशासन पूर्व शर्त जस्तै बन्न पुगेको छ", उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "त्यसकारण सुशासन कायम गर्ने, समृद्धिको यात्रा र प्रक्रियालाई तीव्रता प्रदान गरेर फड्कोको विन्दुमा पुर्‍याउने र त्यसपछि सामाजिक न्यायसँगसँगै सुनिश्चित गर्ने भन्ने लक्ष्यसहित सुशासनलाई प्राथमिकता दिएका छौँ ।" सरकारले राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता र स्वाधीनताको रक्षा र सुदृढीकरणप्रति दृढ रहँदै सुशासन, समृद्धि र सामाजिक न्यायलाई आफ्नो तत्कालिन कार्यभारको मूल मन्त्र बनाएर अघि बढेको उहाँले उल्लेख गर्नुभयो । उपप्रधानमन्त्री श्रेष्ठले कानुनको शासन स्थापित लोकतन्त्रको महत्वपूर्ण पक्ष भएकाले यस दिशामा सरकार सक्रियताका साथ लागेको बताउनुभयो । उहाँले भन्नुभयो, "कानुनी शासन स्थापित गर्नका निम्ति राज्यले समग्ररुपमा भूमिका खेल्नुपर्छ, राज्यले मात्र हैन, राज्यअन्तर्गतका सबै निकायले सकारात्मक भूमिका निर्वाह गर्नुपर्छ, मुख्य जिम्मेवारी राज्य र सरकारको हो ।" सरकारले शान्तिसुरक्षा कायम गर्ने, दण्डहीनताको अन्त्य र अपराध नियन्त्रण गर्ने कामलाई प्राथमिकता दिएर अगाडि बढाइरहेको उहाँले उल्लेख गर्नुभयो । अहिले विभिन्न रुपबाट अपराध देखा परिरहेकाले त्यसलाई नियन्त्रण गर्न प्रविधिको विकास गरेर सीपयुक्त जनशक्ति निर्माणमा लागिपरेको उहाँको भनाइ छ । उपप्रधानमन्त्री श्रेष्ठले देशको मौलिक विशेषताः बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृति तथा विविधताकोबीच एकता, सहिष्णुता र सौहार्दता हाम्रो मौलिक पहिचान र विशेषता रहिआएको हो तर, केहीसमययता, त्यसलाई कमजोर पार्ने प्रयत्न वा गतिविधिहरु भइरहेकामा चिन्ता व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "हामीले कुनै पनि हालतमा



मुलुकको विविधता र विशेषतालाई कमजोर हुन दिनुहुदैन । यो प्रशासनिक तवरबाट मात्रै हल गर्ने विषय होइन भन्नेमा सरकार छ, त्यसको अर्थ कानुनलाई लागू नगर्ने भन्ने कुरा पनि हुनसक्दैन । कानुन र प्रशासनले जति समयमै हस्तक्षेप गर्नुपर्ने हो त्यो गरिनेछ, तर, हामी सबैले हाम्रो मुलुक र समाजमा देखा परेको यो नकारात्मक पक्षप्रति सचेत हुँदै आआफ्नो क्षेत्रबाट भूमिका खेल्नुपर्नेछ, त्यसका निम्ति पनि म सबैमा अपिल गर्न चाहन्छु।"

### अवाञ्छित चलखेल शून्यमा

उपप्रधानमन्त्री श्रेष्ठले प्रहरी सरूवा-बढुवामा हुनेगरेको भनिएको चलखेल र अवाञ्छित गतिविधि शून्यमा झारिएको बताउनुभयो । उहाँले पैसा वा अन्य कारणबाट हुने अवाञ्छित गतिविधि नियन्त्रण गरिएको उल्लेख गर्दै कार्यक्षमता, नियमसङ्गत, पारदर्शी ढङ्गले सरूवा बढुवाको काम गरिरहेको बताउनुभयो । "आन्तरिकरूपमा सुशासन स्थापित नगरी सुशासन र सेवा प्रवाहको समग्रताको हाम्रो मिसन पुरा हुँदैन भन्ने गृह मन्त्रालयको निष्कर्ष छ", उहाँले भन्नुभयो, "आन्तरिक सुशासन भन्नाले समयमा कर्मचारी कार्यालय जानुपर्यो । सेवाग्राहीको फाइल अड्काउनु भएन, अनावश्यक र अवाञ्छित चलखेल पैसा वा अरू चलखेल भइरहेको छ भने हुन दिनु भएन । मापदण्डका आधारमा सरूवा बढुवा र पदस्थापन गर्नुपर्यो भनेर आन्तरिक सुशासनमा जोड दिउका छौँ ।" उपप्रधानमन्त्री श्रेष्ठले विगतदेखि भइरहेको सरूवा बढुवाको अवाञ्छित गतिविधि शून्यमा झारेको विश्वास व्यक्त गर्नुभयो । "म कसैलाई पहिला यस्तो भएको थियो भनेर आरोपित गराउन चाहन्न तर, सुन्नमा आएको कुरा अवाञ्छित चलखेल हुने गर्थ्यो बढुवा, सरुवा र पदस्थापनमा त्यो शून्यमा झारिएको छ, म त्यो ग्यारेन्टीका साथ भन्छु । सरुवा बढुवाको मापदण्ड अझै राम्रो भइसक्यो भन्ने पक्षमा छैन । यसलाई थप परिमार्जित र व्यवस्थित बनाउन जरुरी छ", उहाँले भन्नुभयो । उपप्रधानमन्त्री श्रेष्ठले समग्र सेवाको सुधारका निम्ति सुधार योजना बनाउने तयारी गरिएको जानकारी दिनुभयो । उहाँले समग्र सुधारका लागि एक कार्यदल एक-दुई दिनभित्रै घोषणा हुने र त्यसपछि छ वटा उप कार्यदल बनाइने बताउनुभयो । उहाँका अनुसार स्थानीय प्रशासन र सेवा प्रवाह, अध्यागमन सुधार, कारागार व्यवस्थापन सुधार, राष्ट्रिय परिचयपत्र पञ्जीकरण र विपद् व्यवस्थापनको सुधार योजना बनाइनेछ । क्षमतावान र दक्ष जनशक्तिको व्यवस्थापन गरेर समग्र सेवा सुधारको प्याकेज बनाइनेछ । उपप्रधानमन्त्री एवं गृहमन्त्री श्रेष्ठले आफ्नो मन्त्रालयअन्तर्गतका निकायमा योग र ध्यानलाई अनिवार्य बनाउन लागिपरेको पनि जानकारी दिनुभयो । उहाँले प्रहरीको कार्यक्षमता बढाउनका लागि यस्तो कार्यक्रम राख्न लागिएको जानकारी दिँदै यसले सुशासनको अभियानलाई फाइदा पुग्ने विश्वास व्यक्त गर्नुभयो । बिहान कार्यालय पुगेपछि १५ मिनेट अनिवार्य ध्यान गनुपर्ने बताउनुभयो । यस्तो ध्यान कुनै धर्म सम्प्रदायको नभई वैज्ञानिक किसिमको हुने उहाँको भनाई छ । उहाँले पश्चिमा देशमा पनि कार्यालय तथा विद्यालयमा ध्यान गराएर मात्र काम अघि बढाउन थालिएकोसमेत जानकारी दिनुभयो । समितिको बैठकमा मुख्यसचिव डा वैकुण्ठ अर्यालले सरकारी सेवालाई चुस्त र प्रभावकारी बनाउने सुशासन प्रवर्द्धनमा सरकारका सबै नियका सक्रिय ढङ्गले लागिपरेको बताउनुभयो । गृहमन्त्रालयका सचिव दिनेश भट्टराईले मुलुकको समग्र शान्ति सुरक्षालाई सुदढृढ तुल्याउन मन्त्रालय र मातहतका निकाय लागि परेको बताउनुभयो । प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवर र सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले देशमा शान्तिसुरक्षा कायम गर्न, अपराध नियन्त्रण तथा सीमा सुरक्षामा भइरहेको कामबारे समितिलाई अवगत गराउनुभएको थियो । समितिका सभापति रामहरि खतिवडाले विशिष्ट र अतिविशिष्ट व्यक्तिबाहेक अन्य व्यक्तिका लागि मापदण्डविपरीत खटाइएका 'पिएसो' , सवारी चालक र भान्सेको मापदण्ड १५ दिनभित्र फर्काउन सरकार र सम्बन्धित निकायलाई निर्देशन दिएको छ। सरकारका मन्त्रीलगायत सम्पूर्ण पदाधिकारीले नियमअनुसार प्रयोग गरेको र नियमविपरीत प्रयोग गरेको भए फिर्ता गर्न तथा विदाका दिन सञ्चालन हुने अत्यावश्यक सरकारी सेवाको कार्यान्वयनबारे समितिलाई जानकारी गराउन निर्देशन समेत उहाँले दिनुभयो ।






# नर्सिङको पढाइ नहुँदा कलेजको भवन बन्यो अस्पतालको स्टोर शाखा




■ टक नेपाल

राजविराज। सप्तरीको राजविराज स्थित गजेन्द्रनारायण सिंह अस्पतालको परिसरमा झण्डै सात करोड रुपैयाँ खर्च गरेर निर्माण गरिएको नर्सिङ कलेजको भवन अस्पतालको स्टोर शाखा बनेको छ । नर्सिङ पढाइका लागि स्वीकृति लिन कहिँकतै बाट पहल नभएपछि पढाइ सुरु हुन नसक्दा कलेजको भवनमा अस्पतालले स्टोर राखेको छ । संसदीय निर्वाचन ताका जसपा अध्यक्ष उपेन्द्र यादबको 'ड्रिम प्रोजेक्ट'को रुपमा नर्सिङ कलेजको प्रचारप्रसार गरिएको थियो । तात्कालिन प्रतिनिधिसभा सदस्य उपेन्द्र यादवको संसदीय कोष र प्रदेश सरकारको सर्शत अनुदान अन्तरगत नर्सिङ कलेजको निर्माणका लागि २०७६ साल बैशाख १० गते कन्टेक/चक्रेश्वरी/जेइ जेभीसँग राजविराज नगर पालिकाले सम्झौता गरेको थियो। निर्माण कम्पनीले २०७८ साल चैत ३० गते काम समपन्न गरेपनि पूर्ण भुक्तानी नपाउँदा हस्तान्तरण हुनसकेको थिएन्। २०७९ असोज १२ गते निर्माण कम्पनीलाई भुक्तानी दिइएपछि उक्त कलेज भवन नगरपालिकाको जिम्मा लगाइएको थियो । कुल ६ करोड ९२ लाख रुपैयाँ खर्च भई निर्माण भएको नर्सिङ कलेज भवनमा तात्कालिन सासंद यादवको संसदीय बिकास कोषवाट ५ करोड ८१ लाख र मधेश प्रदेश सरकारको सर्सत अनुदान अन्तरगत १ करोड ११ लाख रुपैयाँ दिइएको छ । नर्सिङ कलेज भवन निर्माण भएपछि २०८० जेठ १७ गते जसपा अध्यक्ष उपेन्द्र यादवले उद्घाटन गरेका थिए। उद्घाटन पछि चाँडै नर्सिङ कलेज संचालनमा आउने र स्नातकसम्मको पढाइ हुने प्रतिबद्धता ब्यक्त भएको थियो। तर, उद्घाटन भएको तीन महिना बित्दा नर्सिङ कलेजको पढाइका लागि स्वीकृति लिने तर्फ कतैबाट पहल भएको छैन। उद्घाटनपछि उक्त भवन नर्सिङ कलेज संचालनका लागि गजेन्द्रनारायण अस्पताललाई हस्तान्तरण गरिएको थियो । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. प्रकाश साहका अनुसार नर्सिङ पढाइको स्वीकृति लिने बारे औपचारिक रुपमा कुनै कार्य अघि बढाइएको छैन् । 'कहाँबाटस्वीकृती लिने ,स्वीकृती लिनका लागि के के गर्नुपर्ने लगायतका विषयमा जानकारी लिन एकजना कर्मचारी काठमाडौं पठाएको छु,' मेसु डा. साहले भने, 'बुझ्ने काम भइरहेको छ । स्वीकृतिका लागि औपचारिक रुपमै कहीँकतै काम भएको छैन।' पछिल्लो समय गजेन्द्रनारायण अस्पतालले नर्सिङ कलेजको उक्त भवनलाई अस्पतालको स्टोर शाखा बनाएको छ । 'स्टोर राख्नका लागि स्थान अभाव थियो । पढाइ सुरु हुन नसकेर नर्सिङ कलेजको भवन खाली थियो,' मेसु डा. साहले भने, 'अहिले स्टोर शाखा त्यसमै संचालन गरेका छौं ।' 'नर्सिङ कलेज पढाइका लागि निर्माण भएको हो ,न कि स्टोर वनाउन' राजविराज नगरपालिकाका पुर्व नगर प्रमुख शम्भुप्रसाद यादवले भने, 'मेरो कार्यकालमा निर्माण समपन्न भयो, ३ महिना अघि उद्घाटन भएर हस्तान्तरण भयो । जिम्मेवारीमा रहेकाहरुको दायित्व थियो स्वीकृति प्राप्त गरी नर्सिङको पढाइ संचालन गर्ने । तर, त्यसो गर्न नसकेर अहिले ७ करोड रुपैयाँ लगाएर बनाएको कलेज भवन स्टोर बन्नु दुःखद हो ।'

# श्रम स्वीकृति नलिई विदेशमा काम गरिरहेकालाई पनि वैधानिक बाटोमा ल्याउने प्रयास थालिएको छ : मन्त्री भण्डारी



■ टक नेपाल

काठमाडौं । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले, नेपालमा श्रम स्वीकृति नलिए पनि विदेशमा पुगेर काम गरिरहेका नेपाली कामदारलाई कानून भित्र ल्याउने प्रयास भइरहेको बताएका छन् । आज प्रतिनिधि सभा अन्तरगत उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको बैठकमा उनले, नेपालमा श्रम स्वीकृति नलिएका तर विदेशमा श्रम स्वीकति लिएर काम गरिरहेका हरुलाई पनि समयसिमा तोकेर वैधानिक बनाउने तयारी भइहरेको बताएका हुन् । उनले भने 'नेपालबाट प्रक्रियाविना नै गएर त्यहाँ गएर काम गरिरहेका छन् । यसरी हेर्दा अरु देशले उनीहरुलाई श्रम स्विकृति दिएको तर हामीले नदिएको जस्तो देखिन्छ त्यसले गर्दा अवैधानिक भएको जस्तो देखिएको छ। त्यस्ता व्यक्तिहरुलाई पनि एउटा समयसिमा तोकेर वैधानिक बनाउने कुरा अगाडि बढाएका छौं । ' त्यस्तै उनले वैदेशिक रोगजारीका क्रममा अशक्त भएका वा ज्यान गुमाएकाहरुको शव नेपाल ल्याउन लाग्ने सम्पूर्ण खर्चको जिम्मा सरकारले लिने गरी तयारी भईरहेको बताए । 'वैदेशिक रोजगारीको क्रममा अशक्त भई नेपाल फिर्ता ल्याएको उपचार गर्ने कार्य अगाडि बढाउने, त्यसको लागि एउटा उपचार कोष बनाउने भन्ने कुरा पनि छ । हामीले श्रम स्विकृति लिएकाहरुको केही भएको खण्डमा शव ल्याउने सबै खर्च वैदेशिक रोजगार कोषबाट नै गर्छौं ।' त्यस्तै उनले वैदेशिक रोजगार लाई व्यवस्थित बनाउन अङ्ग्रेजी भाषालाई अनिवार्य बनाउने, मन्त्रालयको संयुक्त टोलीले प्रमुख श्रम गन्तव्य मुलुकहरुमा कम्तीमा एक वर्षमा एक पटक नियमित अनुगमन गर्ने, श्रम गन्तव्य मुलुकहरुलाई श्रममैत्री बनाउन स्रोत र साधनको व्यवस्थापनको लागि प्रतिवेदन तयार गर्ने र अर्थमन्त्रालयले सहजीकरण गर्नेलगायतका काम भइरहेको उनको भर्नाइ छ । त्यस्तै मन्त्रालयले विदेश जाने व्यक्तिको वैदेशिक रोजगार बचत खातामा रकम जम्मा गर्न सक्ने गरी मन्त्रालयले नेपाल राष्ट्र बैंकसँग समन्वय गरेर विधि तय गर्ने काम थालेको उनको भनाई छ ।

# विद्यार्थीको पढ्न पाउने अधिकारप्रति संवेदनशील हुनुपर्छ

■ टक नेपाल




काठमाडौं। राष्ट्रिय मानवअधिकार आयोगले विद्यार्थीको पढ्न पाउने अधिकारप्रति संवेदनशील बन्न सरकार तथा आन्दोलनरत पक्षलाई आग्रह गरेको छ । बिहीबार एक विज्ञप्ति सार्वजनिक गर्दै आयोगले, यस्तो खालको आन्दोलनबाट विद्यालय शान्ति क्षेत्र घोषणालाई समेत प्रत्यक्ष असर पर्न पुगेको भन्दै संवेदनशील बन्न आग्रह गरेको छ। आफ्ना मागहरु सम्बोधन गराउन विद्यालय नै अनिश्चितकालीन रुपमा बन्द गरी पठनपाठनमा अवरुद्ध गर्नुले बालबालिकाको शान्तिपूर्ण वातावरणमा शिक्षा प्राप्त गर्ने अधिकारको उल्लंघन भएको आयोगको भनाई छ । 'आफ्नो अधिकारको प्रयोग गर्दा अरुको अधिकारप्रति सचेत हुन, मानव अधिकारको मूल्य र मान्यताको सम्मान गर्दै आफ्ना मागहरु राख्न, आफ्ना मागहरु पूरा गराउन विद्यालय बन्दबाहेकको विकल्प खोज्न, वार्ताको माध्यमबाट समस्याको समाधान गर्न र आन्दोलनमा हिंसात्मक अवस्था सिर्जना हुनसक्नेतर्फ सचेत हुन आयोग आन्दोलनरत पक्षलाई आग्रह गर्दछ । 'विद्यालयका शिक्षक शिक्षिकाहरुले आफ्नो वृत्तिविकासका साथै संस्थागत हकहितका लागि माग राख्नु, विचार व्यक्त गर्नु, शान्तिपूर्ण प्रदर्शन गर्नु मानव अधिकारको मूल्य मान्यता अनुकुल नै हुने भए पनि आफ्नो अधिकारको प्रयोग गर्दा अरुको अधिकारप्रति सचेत हुन आयोगको आग्रह छ ।

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

बर्दिबास-१४, औरहीरोड सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, ललन मण्डल, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : रोशन कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com